आज मिति २०८२/१०/१२ गतेको दिन बिहान ९:३० बजे यस ब्रह्मपुरी गाउँ कार्यपालिका प्रमुख श्री राम पदारथ साह तेलि ज्युको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न अनुसारको पदाधिकारिको उपस्थितिमा निम्न अनुसारको निर्णय गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष श्री राम पदारथ साह तेली | अध्यक्ष |
| २. | गाउँपालिका उपाध्यक्ष श्री श्यामकला यादव | सदस्य |
| ३. | वडा नं. १ अध्यक्ष श्री निरन्जन प्रसाद कलवार | सदस्य |
| ४. | वडा नं. २ अध्यक्ष श्री शंकर साह | सदस्य |
| ५. | वडा नं. ३ अध्यक्ष श्री गौतम कुमार यादव | सदस्य |
| ६. | वडा नं. ४ अध्यक्ष श्री श्याम बाबु साह | सदस्य |
| ७. | वडा नं. ५ अध्यक्ष श्री नबिन कुमार यादव | सदस्य |
| ८. | वडा नं. ६ अध्यक्ष श्री हिरेन्द्र कुमार यादव | सदस्य |
| ९. | वडा नं. ७ अध्यक्ष श्री राम सागर महतो कोइरी | सदस्य |
| १०. | का. स. श्री बिना कुमारी देवी | सदस्य |
| ११. | का. स. श्री दशरथ साह कानु | सदस्य |
| १२. | का. स. श्री पल्टु माझी | सदस्य |
| १३. | का. स. श्री रेखा कुमारी महतो | सदस्य |
| १४. | का. स. श्री शिव दुलारी देवी | सदस्य |
| १५. | का. स. श्री शान्ति देवी | सदस्य |
| १६. | प्रमुख प्रशासकीय अधिकृत श्री धनन्जय प्रसाद दास | सदस्य सचिव |

<u>आमन्त्रित</u>

| | | |
|---|---|---|
| १७. | प्रशासन शाखा प्रमुख श्री रामा कान्त शाह | ज.स्वा.नि.(छैठौं) |

**<u>प्रस्ताव नं.१</u> भवन भत्काउन प्राविधिक समिति गठन सम्बन्धमा**

<u>निर्णय नं.१</u> प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको स्वामित्वमा रहेको र साबिक गा.बि.स. भवन हाल गाउँपालिकाको कार्यालयमा अवस्थित पुरानो भवन जीर्ण अवस्थामा रही संरचनात्मक रूपमा कमजोर भई मानव सुरक्षा तथा सार्वजनिक जोखिम उत्पन्न हुन सक्ने देखिएको हुँदा उक्त भवनको प्राविधिक अवस्था मूल्याङ्कन गरी भत्काउन उपयुक्त भए/नभएको सिफारिस गर्न प्राविधिक समिति गठन गर्नु आवश्यक देखिएको छ। अतः प्रचलित कानुन, नियम तथा कार्यविधिको अधीनमा रही निम्नानुसारको प्राविधिक समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| १. ईन्जिनियर श्री अमरेन्द्र कुमार झा | संयोजक |
| २. सव-ईन्जिनियर श्री योग नारायण साह | सदस्य |
| ३. सव-ईन्जिनियर समसुल कवारी | सदस्य |
| ४. प्राविधिक सहायक श्री मधुकान्त प्रसाद साह | सदस्य |
| ५. अ. सव-ईन्जिनियर श्री संजित कुमार साह | सदस्य |
| ६. अ. सव-ईन्जिनियर श्री रोहन कुमार साह | सदस्य |
| ७. अ. सव-ईन्जिनियर श्री पंकज कुमार महतो | सदस्य |
| ८. अ. सव-ईन्जिनियर श्री मनोज कुमार राम | सदस्यं |
| ९. योजना शाखा प्रमुख श्री सत्यनारायण लाल कर्ण | सदस्य सचिव |

<u>प्रस्ताव नं.२</u> पशुहरूमा कृत्रिम गर्भाधान सेवामा दस्तुर तोक्ने सम्बन्धमा।

<u>निर्णय नं.२</u> प्रस्ताव नं.२ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत पशुपालन व्यवसायको उत्पादनशीलता अभिवृद्धि गर्न, उन्नत जात प्रवर्द्धन गर्न तथा गुणस्तरीय प्रजनन सेवा सहज रूपमा उपलब्ध गराउन पशुहरूमा कृत्रिम गर्भाधान सेवा सञ्चालन गर्ने भएकोले उक्त सेवाका लागि स्पष्ट, एकरूप र व्यावहारिक दस्तुर तोक्नु आवश्यक देखिन्छ। तसर्थः कृत्रिम गर्भाधान सेवाको लागि गाई/भैंसी (प्रति पटक): रु.१००/- दस्तुर तोक्ने निर्णय गरियो।

<u>प्रस्ताव नं ३</u> आ.व. २०८३।०८४ मा कार्यान्वयन हुने आयोजना / कार्यक्रमको लागी संघीय समपुरक अनुदान तथा विशेष अनुदान अन्तर्गत संचालन हुने आयोजना / कार्यक्रम माग सम्बन्धमा ।

<u>निर्णय नं.३</u> प्रस्ताव नं. ३ माथि छलफल गर्दा समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि,२०८२ र विशेष अनुदान सम्बन्धी (पहिलो संशिधन) कार्यविधि,२०८२ मा भएको व्यवस्था बमोजिम स्थानीय तहमा नेपाल सरकारबाट उपलब्ध हुने समपुरक अनुदान तथा विशेष अनुदान को लागि राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाण्डौबाट मिति २०८२।०८।२६ गते प्रकाशित सुचना अनुसार आ.व. २०८३।०८४ मा कार्यान्वयन हुने आयोजना / कार्यक्रमको लागी संघीय समपुरक अनुदान तथा विशेष अनुदान अन्तर्गत संचालन हुने आयोजना/कार्यक्रम प्रस्ताव विवरण तयार गरी तपसिल अनुसारको तपसिल बमोजिम योजना छनौट गरी राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाण्डौ बाट माग गर्ने निर्णय गरियो ।

तपसिलः-

<u>विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना</u>

१. वडा नं.१ र २ भित्र सुविधा सहितको विपन्न बस्ती निर्माण रकम रु.२९९९८५१६.७०
२. जलधर कमलदेव नमुना मा.वि।को भवन निर्माण रकम रु. १६९००६१४.५४

CamScanner

समपुरक अनुदान अन्तर्गत संचालन गरिने आयोजना

१. वाड नं. १ र २ भित्र सडक निर्माण रकम रु.१०५४४०३८.२४
२. गा.पा. भित्रमा सोलार बत्ती जडान रकम रु. ११८४३९७०

प्रस्ताव नं.५ दलित तथा विपन्न वर्गका लागि आवास भवनको डिजाइन स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा दलित तथा विपन्न वर्गका नागरिकहरूको सुरक्षित, सम्मानजनक तथा दिगो आवास सुनिश्चित गर्ने उद्देश्य अनुरूप यस गा.पा. भित्र सुविधा सहितको विपन्न बस्ती निर्माण र सुबिधा सहितको एकिकृत दलित बस्ती निर्माण ब्रह्मपुरी-६ को कार्यक्रम/योजना अन्तर्गत प्रस्तावित आवास भवनको डिजाइन प्राविधिक मापदण्ड अनुसार प्राविधिक शाखाबाट पेश तथा सिफारिस भई आएकोले प्रचलित कानुन, नियम, भवन निर्माण संहिता तथा स्वीकृत कार्यविधिको अधीनमा रही देहाय बमोजिम डिजाइन स्वीकृत गर्ने निर्णय गरिएको छ। साथै दलित तथा विपन्न वर्गका लागि आवास भवनको लाभग्राही छनौटमा तल उल्लेखित मापदण्ड तथा शर्त पुरा भएका लाभग्राहीको विवरण सम्बन्धित वडा कार्यालय वा कार्यपालिका निर्णयको अनुसार छनौट गर्ने निर्णय गरियो ।यस चालु आ.व.मा सञ्चालन हुने गा.पा. भित्र सुविधा सहितको विपन्न बस्ती निर्माण र सुबिधा सहितको एकिकृत दलित बस्ती निर्माण ब्रह्मपुरी-६ को आयोजना ठेक्का प्रक्रियाबाट संचालन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

❖ मापदण्ड तथा शर्त

क) गा.पा. भित्र सुविधा सहितको विपन्न बस्ती निर्माणको लागि


- विपन्नताको सिफारिस
- जग्गाधानी प्रमाणपत्र प्राप्त भएको
- जग्गाको तिरो तिरेको रसिद
- नेपाली नागरिक प्रमाणपत्र


ख) सुविधा सहितको एकिकृत दलित बस्ती निर्माण ब्रह्मपुरी-६को लागि


- दलित प्रमाणितको कागजात
- विपन्नताको सिफारिस
- जग्गाधानी प्रमाणपत्र प्राप्त भएको
- जग्गाको तिरो तिरेको रसिद
- नेपाली नागरिक प्रमाणपत्र

❖ भवनको डिजाइन देहाय अनुसार हुनेछ।


CamScanner




FLOOR PIAN(357.00Sqft)




ROOF PLAN